
# विश्व र नेपालमा एचआईभी र एड्सको अवस्था

World AIDS Day 2021


## विश्वमा एचआईभी र एड्स

- विश्वमा सन् १९८१ मा पहिलो एच आई भी संक्रमित रिपोर्ट भएदेखि सन् २०२० को अन्त्य सम्म ७ करोड ९३ लाख व्यक्तिहरु एचआइभीवाट संकमित भइ सकेका छन र त्यसै गरि ३ करोड ६३ लाख व्यक्तिहरुको एड्सको कारणले मृत्यु भइ सकेको छ ।
- सन् २०२० को अन्तसम्म संसारमा ३ करोड ७७ लाख व्यक्तिहरुमा एचआईभी संक्रमण भएको अनुमान छ ।
- सन् २०२० मा १५ लाख नयाँ  संक्रमण भएको अनुमान गरिएको छ जुन सन् २०१० को तुलनामा ३१ प्रतिशतले घटेको छ । सन् २०१० मा २१ लाख नयाँ संक्रमण थियो ।
- सन् २०२० मा १ लाख ५० हजार बच्चाहरुमा नयाँ संकमण भएको अनुमान गरिएको छ । जुन सन् २०१० को तुलनामा ५३ प्रतिशतले घटेको छ । सन् २०१० मा ३ लाख २० हजार बच्चामा नयां संक्रमण भएको अनुमान थियो ।
- सन् २०२० मा मात्रै करीब ६ लाख ८० हजार व्यक्तिहरुको एड्सको कारणल मृत्यु भएको अनुमान छ, जुन सन् २०१० को तुलनामा ४८ प्रतिशतले कम हो । सन् २०१० मा १३ लाख व्यक्तिहरुको एड्सको कारणले मृत्यु भएको अनुमान थियो ।
- सन् २०२० सम्ममा कुल एचआइभी संकमित ३ करोड ७७ लाख मध्ये ७३ प्रतिशत (२ करोड ७५ लाख) मात्र एन्टीरेट्रोभाईरल  (एआरभी) उपचारमा छन् (चित्र नम्बर १) ।
- सन् १९०० देखि २०१५ सम्म कन्डमको प्रयोग बढ्नाले ११ करोड ७० लाख नयाँ एच आई भी संक्रमण रोकिएको थियो (चित्र नम्बर २) ।
- **दीगो विकास लक्ष्य:** सन् २०३० सम्ममा एड्सको महामारीलाई अन्त्य गर्ने लक्ष्यलाई हासिल गर्न ९५:९५:९५ [अर्थात ९५ प्रतिशत एचआइभी संक्रमितहरुले आफ्नो संकमण अवस्थाबारे थाहा पाउने, ती मध्ये ९५ प्रतिशतको औषधी उपचारमा पहुँच हुने र ती औषधी खानेहरु मध्ये ९५ प्रतिशतको शरीरमा भाइरसको भार (भाइरल लोड) न्यून भएको हुने ] र एचआइभीको जाँच र उपचारको रणनितिमा आधारित भएर एचआइभी तथा एड्स सम्बन्धि कार्यक्रमहरु संचालन भइरहेको छ ।

**चित्र नम्बर १. विश्वव्यापी एचआईभी परीक्षण र उपचार क्यास्केडको अवस्था, २०२०**




**चित्र नम्बर २. विश्वव्यापी कन्डम प्रयोगको कारणले नयाँ एचआईभी संक्रमणहरूको अवस्था, सन् १९९०-२०१९ सम्म**





श्रोत: युएनएड्सका प्रकाशनहरु, २०२१

# एशिया प्रशान्त क्षेत्रमा एचआईभी र एड्स

- सन् २०२० को अन्तसम्म एसिया प्रशान्त क्षेत्रमा ५८ लाख व्यक्तिहरुमा एचआईभी संक्रमण भएको अनुमान छ। कुल एच आई भी संक्रमित मध्य ६४% (३७ लाख) एआरभी उपचारमा छन्।
- सन् २०२० मा २ लाख ४० हजार नयां संक्रमण भएको अनुमान गरिएको छ जुन सन् २०१० को तुलनामा २१ प्रतिशतले घटेको छ। सन् २०२० मा मात्रै १ लाख ३० हजार व्यक्तिहरुको एड्सको कारणले मृत्यु भएको अनुमान छ। सन् २०१० र २०२० सम्ममा ५६ प्रतिशतले घटेको छ (चित्र नम्बर ३)।
- सन् २०२० मा १३ हजार बच्चाहरुमा नयाँ संक्रमण भएको अनुमान गरिएको छ। जुन सन् २०१० को तुलनामा ३८ प्रतिशतले घटेको छ।

**चित्र नम्बर ३. एशिया प्रशान्तमा नयाँ एचआईभी संक्रमण र एड्स सम्बन्धी मृत्युको संख्या, २०००-२०२०**





श्रोत: युएनएड्सका प्रकाशनहरु, २०२१

# नेपालमा एचआईभी/एड्स

- सन् २०२० को अन्तसम्म नेपालमा ३० हजार ३०० व्यक्तिहरुमा एचआईभी संक्रमण भएको अनुमान छ। बयस्क जनसंख्याको ०.१३ प्रतिशत संक्रमण (प्रिभ्यालेन्स दर) छ।
- सन् २०२० मा ७५४ व्यक्तिहरुमा एचआईभीको नयां संक्रमण भएको अनुमान गरिएको छ जुन सन् २०१० को तुलनामा ६३ प्रतिशतले घटेको छ। सन् २०१० मा २ हजार ६१ नयां संक्रमण अनुमान गरिएको थियो।
- सन् २०२० मा ८० बच्चाहरुमा नयाँ संक्रमण भएको अनुमान गरिएको छ। जुन सन् २०१० को तुलनामा ६३ प्रतिशतले घटेको छ। सन् २०१० मा २१५ बच्चामा नयां संक्रमण भएको अनुमान थियो।

**चित्र नम्बर ४. नेपालमा एचआईभी परीक्षण र उपचार क्यास्केडको अवस्था, आ व २०७७/२०७८**

**नेपालमा जनस्वास्थ्यको चुनौतीका रुपमा रहेको एचआईभी इपिडेमिकलाई २०३० सम्ममा अन्त्य गर्न सम्भव छ।**




- सन् २०२० मा मात्रै ६ सय ३६ व्यक्तिहरुको एड्सको कारणले मृत्यु भएको अनुमान छ, जुन सन् २०१० को तुलनामा ५५ प्रतिशतले कम हो। सन् २०१० मा १४ सय १३ व्यक्तिहरुको एड्सको कारणले मृत्यु भएको अनुमान थियो।
- सन् २०२१ को जुलाई महिनासम्म नेपालमा २० हजार ८ सय ८३ संक्रमितहरुले एन्टीरेट्रोभाइरल (एआरभी) उपचार लिईरहेका छन् र अनुमानित कुल एचआइभी संक्रमित मध्ये ६९ प्रतिशत मात्र एआरभी उपचारमा रहेका छन्।
- नेपालमा पनि सन् २०३० सम्ममा एड्सको महामारीलाई अन्त्य गर्ने लक्ष्यलाई हासिल गर्न ९५:९५:९५ र एचआइभीको जाँच र उपचार को रणनितिमा आधारित भएर एचआइभी तथा एड्स सम्बन्धि कार्यक्रमहरु संचालन भइरहेको छ। आ। व। २०७७/२०७८ सम्म ९०-९०-९० लक्ष्यहरुका [अर्थात ९० प्रतिशत एचआइभी संक्रमितहरुले आफ्नो संक्रमण अवस्थाबारे थाहा पाउने, ती मध्ये ९० प्रतिशतको औषधी उपचारमा पहुँच हुने र ती औषधी खानेहरु मध्ये ९० प्रतिशतको शरीरमा भाइरसको भार (भाइरल लोड) न्यून भएको हुनें] अवस्था चित्र नम्बर ४ मा देखाइएको छ।

श्रोत: एनसिएएससी फ्याक्ट्स सीट, २०२१


## नेपालमा एचआईभी महामारीको प्रकार र जोखिम समूह

- नेपालको बर्तमान एचआईभीको अबस्थालाई केन्द्रीकृत महामारी (अर्थात कन्सन्ट्रेटेड इपिडेमिक) को रुपमा परिभाषित गरिन्छ। यसको अर्थ एक वा सो भन्दा बढी एचआइभी सर्नसक्ने जोखिममा रहेका समूहमा एचआईभी संक्रमण दर ५ प्रतिशत भन्दा बढी तर सामान्य जनसंख्यामा एचआईभी संक्रमण दर १ प्रतिशत भन्दा कम हुनु हो।
- नेपालमा एचआईभी संक्रमणको उच्च जोखिममा रहेका समुहहरु सुईद्वारा लागूपदार्थ प्रयोग गर्नेहरु, यौनकर्मी, पुरुष समलिगीं तथा तेस्रोलिगीहरु र रोजगारीका लागि बिदेशिनेहरु हुन्। यी मध्ये सुईद्वारा लागूपदार्थ प्रयोग गर्नेहरु र पुरुष समलिंगी यौनकर्मीहरुमा संक्रमणदर अरु जोखिम समूह भन्दा उच्च छ।
- सन् २०२० मा सम्पन्न सर्भेक्षण अनुसार नेपालमा सूईद्वारा लागू पदार्थ प्रयोग गर्नेहरुमा ३ प्रतिशतका दरले एचआईभीको संक्रमण रहेको पाइएको छ। यसै गरी सन् २०१७ मा भएका सर्भेक्षणहरु अनुसार महिला यौनकर्मीहरुमा २.२ प्रतिशत र पुरुष समलिंगीहरुमा ६.२ प्रतिशतका दरले एचआईभीको संक्रमण रहेको पाइएको छ। पश्चिम, मध्य तथा सुदुरपश्चिममा गरिएको सर्भेक्षणले भारतमा कामदार नेपालीहरूमा एचआईभीको संक्रमण पश्चिममा ०.३ प्रतिशत र मध्य तथा सुदुरपश्चिममा ०.६ प्रतिशत रहेको पाइएको छ।

## नेपालमा एचआईभी एड्स सम्बन्धी कार्यक्रम

- नेपालमा राष्ट्रिय एचआईभी रणनीतिक योजना २०१६(२०२१ ले निर्देश गरे अनुरुप उच्च जोखिममा रहेका समुहहरु जस्तै सुईद्वारा लागू पदार्थ प्रयोग गर्नेहरु, यौनकर्मी र तिनका ग्राहकहरु, पुरुष समलिगीं तथा तेस्रोलिगीहरु र रोजगारीका लागि विदेशिनेहरु तथा तिनका दम्पतिहरु र जेलमा रहेका कैदिहरुका लागि एचआईभी रोकथाम कार्यक्रम एबं संक्रमित र प्रभावितहरुका लागि उपचार, हेरचाह तथा सहयोग कार्यक्रम सचांलन भईरहेको छ।
- विशेषतः आउटरीच शिक्षा, कण्डम प्रवर्धन, एचआईभीको परामर्श र परीक्षण, यौनरोगको निदान र उपचार, जोखिम न्यूनिकरण, पिएमटीसीटी सेवा, एआरटी सेवा, र समुदाय सहयोगका कार्यक्रमहरु सरकारी स्वास्थ्य केन्द्र र अन्य विभिन्न संघ संस्थाहरुबाट संचालन भईरहेको छ।
- हाल ६१ जिल्लाका ८३ एआरटी सेन्टरबाट एन्टीरेट्रोभाइरल उपचार निशुल्क उपलब्घ गराइएको छ।
- देशका सबै जिल्लाहरुमा आमाबाट बच्चामा हुने संक्रमण रोकथाम (पिएमटीसीटी) गर्न समुदायमा आधारित पिएमटीसीटी कार्यक्रम संचालनमा छ जस अर्न्तगत प्रसुती केन्द्रहरुमा गर्भवती महिलाहरुमा एचआईभी निशुल्क जाँच सुविधा छ।
- देशका सबै जिल्लाहरुमा १८९ वटा एचआईभी परामर्श तथा परीक्षण केन्द्रहरुबाट सेवा प्रदान भइरहेको छ । यसका साथै जोखिममा रहेका समुहहरुमा समुदायमा आधारित एचआईभी परीक्षणका कार्यक्रम पनि संचालित छ।
- नेपालमा एचआईभी एड्स सम्बन्धी कार्यक्रम संचालन सरोकारवाला र साभ्फेदारहरुको समन्वयमा संचालित छ।

**चित्र नम्बर ५. ६१ जिल्लाहरुमा अवस्थित ए आर टि केन्द्रहरु**



## बिद्यमान चुनौतीहरु र तिनको संबोधन

- संक्रमित भई सकेका तर आफ्नो एच आई भी संक्रमणको अवस्थाको वारेमा थाहा नपाएका व्यक्तिहरुको एचआईभी संक्रमणको अवस्था थाहा पाउनु, तिनीहरुबाट अन्य व्यक्तिमा एचआईभी संक्रमण हुनबाट रोक्नु र संक्रमित भइ सकेकाहरुलाई उपचार, हेरचाह तथा सहयोग कार्यक्रममा पहुंच बढाउने ठुलो चुनौति रहेको छ ।
- ए आर भी उपचारमा भएका सबै एच आई भी संक्रमितहरुको भाईरल लोडको अवस्था परिक्षण गरि उपचार योजनामा सहयोग पुर्याउनु तेस्रो ९५ लक्ष्य प्राप्तिको लागि अति आवस्यक छ ।
- एचआईभी संक्रमित, प्रभावितहरु प्रतिको लाञ्छना तथा भेदभाव कम गर्न आवश्यक कानुन, नीति, नियम बनाइ सोको कार्यान्वयन गर्नु अत्यावश्क छ ।
- हालसम्म राष्ट्रिय एच्आईभी एड्स कार्यक्रम अत्याधिक मात्रामा बैदेशिक श्रोतमा भर परेको अवस्था छ र बिस्तारै यस कार्यक्रमको लागि नेपाल सरकारको श्रोत वृद्धि गर्न अत्यन्त जरुरी छ ।
- नेपाल सरकारले सन् २०३० सम्मको लागि एड्स नियन्त्रणको तिब्रतर लक्ष्य ९५:९५:९५ मा समर्थन जनाएको छ । सो लक्ष्य प्राप्तिका लागि एचआइभी रोकथाम, हेरचाह, सहयोग तथा उपचार सम्बन्धी कार्यकमलाई तीब्रता दिन सबै तहको राजनीतिक प्रतिबद्धताको आबश्यकता छ ।

Government of Nepal
Ministry of Health and Population
**National Centre for AIDS and STD Control**